## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सुचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ।

१) **निकायको स्वरुप र प्रकृतिः**

प्रचलित कम्पनी ऐन बमोजिम बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र संचालित 'ख' वर्गको वित्तीय संस्था।

२) **निकायको काम कर्तव्य तथा अधिकारः**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम, कर्तव्य र अधिकार रहने छ।

३) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

हाल कार्यरत कर्मचारी संख्या ४१ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भई रहेको छ। व्यवस्थापन समुहको नाम पद बैंकको वेबसाइट कर्मचारीहरु मार्फत यो वेवसाइट https://ndbl.com.np/senior-management-team/ मा हेर्न सकिनेछ।

४) **निकायमा प्रदान गरिने सेवाः**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ख' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु।

५) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस बैंकको वेबसाइट https://ndbl.com.np/locations/ मा उपलब्ध छ।

६) **सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः**

बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेबसाइट https://ndbl.com.np/charges/ मा प्रकाशित गरिएको छ।

७) **निर्णय गर्ने प्रकृया र अधिकारः**

बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रक्रिया मिलाइएको छ। नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंक संचालक समिति निर्णयकर्ताको रुपमा रहने छ।

८) **निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रीय स्तरमा उप प्रबन्धकलाई गुनासो सुन्ने अधिकारीको रुपमा व्यवस्था गरिएको छ। निजको ठेगाना यस प्रकार रहेको छ :

**श्रीकृष्ण दवाडी**

उप प्रबन्धक

नारायणी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालयः रत्ननगर-०१, टाँडी, चितवन।

फोन नं. ०५६-५६०६०८, ०५६-५६१२५८

९) **सम्पादन गरेको कामको विवरणः**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ख' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरु गर्दै आइरहेको छ।

१०) **प्रमुख सुचना अधिकारीको नाम र पदः**

बैंकको प्रमुख सूचना अधिकारीको नाम यस प्रकार रहेको छ।

**श्रीकृष्ण दवाडी**

उप प्रबन्धक

नारायणी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालयः रत्ननगर-०१, टाँडी, चितवन।

फोन नं. ०५६-५६०६०८, ०५६-५६१२५८

साथै यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई शाखा सम्बन्धित सुचना अधिकारीका रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ।

११) **ऐन नियम, विनियम वा निर्देशिकाको सूचिः**

प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम या निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ बने देहाय वमोजिमको ऐन, नियम विनियम का निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन्।

| | | |
|---|---|---|
| ● बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ | ● कम्पनी ऐन, २०६३ | ● धितोपत्र सम्बन्धी ऐन, २०६३ |
| ● नेपाल राष्ट्र बैंक ऐन, २०५८ | ● विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ | ● सम्पति शुद्धिकरण निवारण ऐन, २०६४ |
| ● बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ | ● सूचनाको हक सम्बन्धी ऐन, २०६४ | ● मुलुकी देवानी सहिता ऐन, २०७४ |
| ● सुरक्षित कारोबार ऐन, २०६३ | ● श्रम ऐन, २०७४ | ● आयकर ऐन, २०५८ |
| ● बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ | ● भुक्तानी तथा फछ्र्यौट, ऐन, २०७५ | ● विनिमय अधिकार पत्र ऐन, २०३४ |
| ● उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु | | |
| ● नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु | | |
| ● बैंकिङ्ग कारोबारका क्रममा पालना गर्नु पर्ने अन्य प्रचलित नेपाल कानुन । | | |

**१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरण**

बैंकको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरण राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित हुदैं आएको छ साथै बैंकको वेवसाइट https://ndbl.com.np/investor-relation/ मा समेत त्यस्तो विवरण राखिएको छ ।

**१३) तोकिए बमोजिमको अन्य विवरणः**

नियमानुसार तोकिए बमोजिम अन्य विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेवसाइट https://ndbl.com.np/ मा समेत राख्ने गरिएको छ ।

**१४) अघिल्लो आर्थिक बर्षमा सार्बजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण**

यस बैंकले प्रचलित नियम कानुन बमोजिम विभिन्न बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ यस बाहेक छुट्टै विशेष प्रकारको कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

**१५) सार्वजानिक निकायको वेवसाइट भए सोको विवरणः** https://ndbl.com.np/

**१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरणः**

बैंकमा कुनै पनि प्रकारको ऋण अनुदान एवं प्राविधिक सहयोग नरहेको ।

**१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

हाल बैंकले कुनै पनि प्रकारको कार्यक्रम सञ्चालन गरेको छैन ।

**१८) सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयवधिः**

हाल त्यस प्रकारको वर्गिकरण गरिएको छैन ।

**१९) सार्वजनिक निकायमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**

बैंकले सार्वजनिक गरेको तथा प्रचलित कानुन बमोजिम प्रकाशन गर्न मिल्ने सूचनाहरु माग भई आएमा सम्बन्धित निवेदकको माग बमोजिम सूचना उपलब्ध गराउने गरिएको छ ।

**२०) सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः**

वार्षिक विवरणहरु वार्षिक प्रतिवेदनको रुपमा प्रकाशित भई बैंकको वेवसाइटमा समेत प्रकाशन गर्ने गरिएको छ । साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गरी बैंकको वेवसाइटमा समेत उपलब्ध गराउने गरिएको छ ।

**२१) बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना ।**

बैंकको प्रमुख कार्यकारी अधिकृतको र ठेगाना यस प्रकार रहेको छ ।

**श्री बिष्णु रेग्मी**

प्रमुख कार्यकारी अधिकृत, नारायणी डेभलपमेन्ट बैंक लिमिटेड ।

प्रधान कार्यलय, रत्ननगर, -०१, टाँडी, फोन नं. ०५६-५६०६०८, ०५६-५६१२५८ ।